निर्णय नं. १

मिति २०८२ चैत्र १९ गते सम्पन्न कार्यपालिकाको बैठकबाट भएका निर्णयको आजको वैठकमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

संशोधित विनियोजन ऐन २०८२ राजपत्र प्रकाशनका क्रममा रहेको ।

भू-उपयोग वर्गीकरण सम्वन्धित निकायमा पठाएको ।

निर्णय नं. २

आ.व. २०८३/०८४ मा योजना तथा कार्यक्रम सञ्चालनका लागि पेश भएको नीति तथा कार्यक्रम माथि छलफल गरी संशोधन सहित निम्नानुसार स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**उपप्रमुखज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**

१. स्थानीय तहको दोस्रो निर्वाचन पछिको४ बर्षको अवधि समाप्त भए सँगै पाचौ बर्षको नगरसभाको यस बैठकमा आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गौरवको अनुभूति गरेको छु ।

२. अँध्यारो कालखण्डबाट जनताका प्रतिनिधि मार्फत राज्यसञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउन विभिन्न काल खण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । संघीय तोकतान्त्रीक गणतन्त्रको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

३. धनकुटा नगरपालिकाको समग्र विकास तथा सेवा प्रवाहको लागि नविन र रूपान्तरणकारी योजना तथा कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ तथा प्रदेश सरकारको आवधिक योजना, दिगो विकास लक्ष्य, नगरवासीको चाहना तथा सरोकारवाला पक्षहरुको सुझाव र सिमित स्रोत र साधनका आधारमा **"समृद्ध धनकुटा नगरको आधारः स्थानीय उत्पादन, खेलकुद, पर्यटन र पूर्वाधार"** भन्ने संकल्पका साथ आगामी आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**आर्थिक वर्ष २०८२/०८३ को नीतिको समीक्षा**

४. धनकुटा नगरपालिकाको दोश्रो निर्वाचन पछि हामीले जिम्मेवारी सम्हालेको ४ वर्षको अवधिमा केही उपलब्धि हासिल भएका छन् । यस अवधिमा भौतिक प्रगति, सामाजिक तथा आर्थिक विकास, फोहरमैला ब्यवस्थापन, गरिवी निवारण र शैक्षिक गुणस्तर सुधारमा गरेको प्रगति हाम्रा नीति तथा कार्यक्रमहरुको प्रभावकारिताको परिणाम हो । यी उपलब्धिहरूले **"समृद्ध धनकुटा नगरको आधारः स्थानीय उत्पादन, खेलकुद, पर्यटन र पूर्वाधार"** युक्त नगर निर्माणको लागि बलियो आधारशिला प्रदान गरेका छन् ।

- नगरका ग्रामीण क्षेत्रहरूमा आर्थिक, सामाजिक र पूर्वाधार विकासमा प्राथमिकताका साथ कार्यहरु गरिएका छन् । धनकुटा नगरपालिकालाई स्थानीय सरकारको रूपमा संस्थागत विकास गर्दै लैजान आवश्यक कानूनहरुको तर्जुमा गरी लागु गरिएको छ। नागरिकको घरदैलोसम्मको सेवालाई चुस्त, प्रभावकारी, नतिजामुखी र जनउत्तरदायी बनाउन नगर तथा नगरका सबै वडाबाट प्रभावकारी ढंगले सेवाप्रवाह भएको छ ।
- धनकुटा नगरपालिका क्षेत्रभित्र चालु आ.ब. मा जम्मा १०५१ वटा योजनाहरु रहेका छन् ।ती मध्ये ८९२ वटा पूँजीगत क्षेत्रसँग सम्वन्धित योजना रहेका छन् । चालु आ.ब. मा सञ्चालन भएका ५७७ नगर स्तरीय र २९५ वडा स्तरीय रहेका छन् । यी योजनाहरुबाट Cumulative रूपमा ३९८७ महिला र ५९५९ पुरुष गरी कुल ९९४६ लाभान्वित भएका छन् । यसबाट नगरपालिका क्षेत्रभित्र १४.३१९ दिन रोजगारी सृजना भएको छ ।

- गरिब घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमाविपन्न परिचयपत्र प्राप्त ५७५ घरधुरीलाई जीवनस्तर सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन भएका छन्।
- लघु उद्यम समूहमा आवद्ध १२६ जना उद्यमशीलता विकास तालिम १२६ जनालाई सीप विकास तालिम प्रदान गरिएको छ । ८ वटा उधम विकास समुह गठन भएका छन ।
- सुरक्षित वैदेशिक रोजगारीका लागि परामर्श सेवा ३११६ जनालाई, वैदेशिक रोजगारी सम्वन्धी केश व्यवस्थापन २२ वटा र अनलाइन श्रम स्वीकृती ७६ वटा भएका छन् ।

**नगरसभाका सदस्यज्यूहरू,**

५. **"समृद्ध धनकुटा नगरको आधारः स्थानीय उत्पादन, खेलकुद, पर्यटन र पूर्वाधार"** भन्ने नगरको मूल नारालाई साकार पार्न नगर क्षेत्रलाई समृद्ध, व्यवस्थित, प्रविधिमैत्री, सुन्दर एवम् सफा हराभरा नगर बनाउन समग्र नीति तथा कार्यक्रमबीच उचित तालमेल गर्दै देहायका रणनीति आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ

(क) शिक्षा र स्वास्थ्य सेवामा गुणात्मक सुधार गर्ने, कृषि उत्पादन वृद्धि गर्दै र विकास निर्माण कार्यलाई तीव्रता दिने कार्यक्रमहरु कार्यान्वयन गरिने,

(ख) वैदेशिक रोजगारी गुमाएका श्रमिक, किसान, असहाय व्यक्ति, विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, लामो तथा छोटो अवधिका सिप विकास तालिम र रोजगारी एवम् आयआर्जन सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइने छ,

(ग) भौतिक पूर्वाधार निर्माणका कार्यहरु दिगो तथा ब्यवस्थित गरिने र बहुबर्षे योजनाहरु सञ्चालन भएमा उक्त योजनाहहरु सम्पन्न गरिसकेपछि मात्र नयाँ योजनाहरु सञ्चालन गरिने,

(घ) वडास्तरमा स्वास्थ्य संस्था सञ्चालनका लागि नगर र वडाको सहभागितामा औषधी व्यस्था,स्वास्थ्य सुरक्षा उपकरण र स्वास्थ्यकर्मीहरुको व्यवस्था तथा परिचालन गरिने,

(ङ) नगरमा रहेका बेरोजगार तथा वैदेशिक रोजगारीमा गएका तथा फर्किएका व्यक्तिको तथ्याङ्क संकलन गरी अभिलेख व्यवस्थापन गरिने,

(च) युवाहरुलाई लक्षित गरी स्वरोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा ध्यान दिई कार्यक्रम सञ्चालन गरिने,

(छ) आर्थिक क्रियाकलाप चलायमान हुने, रोजगारी सिर्जना हुने, स्थानीय बजारमा खपत हुने वस्तुहरुको उत्पादनमा जोड दिने र यसलाइ सघाउ पुग्ने खालका योजनाहरु सञ्चालन गरिने,

(ज) धनकुटा नगरपालिका र विभिन्न सरोकारवाला निकाय विकास साझेदार लगायत द्विपक्षिय बहुपक्षीय परियोजना/कार्यक्रमसँगको साझेदारीमा यातायात गुरु योजना, सडक इन्भेन्ट्री योजना बैंक जस्ता कार्य आगामी आ.व.मा सम्पादन गरिनेछ ।

(झ) विकास साझेदारसँगको समन्वय र सहभागितामा दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण का लागि प्रकृया सुरू भएको छ।

(ञ) दीगो एवम सम्मानीत व्यवसायलाइ सहयोग पुर्‍याउन लामो अवधीको तालिम सञ्चालनलाइ निरन्तरता दिइनेछ

**स्वास्थ्य, शिक्षा, खेलकुद तथा सामाजिक विकास**

६. नगरमा रहेको एकमात्र जिल्ला अस्पतालको स्तरोन्नती का लागि गरिएको पहललाइ निरन्तरता दिइने छ ।

७. स्वास्थ्य सेवामा गरिब सीमान्तकृत, दलित, महिला बालवालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घरोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

८. वडा नम्बर १ मा रहेको स्वास्थ्य संस्था सञ्चालन गरी अत्यावश्यक सेवा वडावाटै उपलव्ध गराउन पहल गरिनेछ । आवश्यक औषधि तथा खोपको वितरण समूचित रूपमा गराई विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउन नगर र वडाले साझेदारी गरिनेछ।

९. नगरपालिकाबाट सञ्चालित एम्बुलेन्स मार्फत सुत्केरी महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाई सहज स्वास्थ्य उपचारको लागि नगरक्षेत्र भित्र निःशुल्क उपलब्ध भइरहेको सेवालाइ निरन्तरता दिइनेछ । विपन्न वर्गलाई दिइएको विशेष छुटलाई निरन्तरता दिइनेछ ।

१०. समुदायमा आधारित आमा समूह, टोल विकास संस्था, युवा क्लबजस्ता संघसंस्थाहरु सँग साझेदारी र समन्वय गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईने तथा आयुर्वेद सेवा र होमियोप्याथी सेवाका लागि पहल गरिने छ

११. ल्याण्डफिल साइट प्रभावित क्षेत्रका नगरवासीहरुको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ

१२. सन् २०३० सम्ममा नगरलाई **क्षयरोग मुक्त नगर** घोषणाका लागि समन्वयात्मक रूपमा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. वडामा सञ्चालन भएका स्वास्थ्य संस्थाहरुलाई नगरपालिका र वडा कार्यालयको लागत साझेदारीमा औषधी तथा अन्य अत्यावश्यक उपकरणको व्यवस्था मिलाइ सेवा प्रवाहमा सहजता ल्याइने छ ।

१४. धनकुटा नगरपालिका र वडा कार्यालयहरूको लागत साझेदारीमा नगरवासीहरूको स्वास्थ्य बीमा कार्यक्रम सञ्चलन गर्न पहल गरिने छ ।

१५. बिद्यालय लगायत बालबालिका संग प्रत्यक्ष काम गर्ने निजी क्षेत्र एवं सामाजिक संघ संस्थाहरुले बालबालिका बिरुद्धको हिंसा एवं बाल यौन दुर्व्यवहार रोकथाम एवं बाल अधिकार सुनिश्चित गर्न संस्थागत तहमा बाल संरक्षण मापदण्ड लागु गराईनेछ । बालमैत्री स्थानीय शासनको प्रत्याभूतीमा जोड दिईनेछ ।

१६. ज्येष्ठ नागरिकको अधिकारको संरक्षण गर्दे समाजमा ज्येष्ठ नागरिकको सम्मानजनक र सहज जीवन यापनको सुनिश्चिताको लागि दिवा सेवा ज्येष्ठ नागरिक सम्मान स्वास्थ्य शिविर तथा तिर्थयात्रा जस्ता कार्यक्रमहरु कार्यान्वयनका लागि पहल गरिनेछ ।

१७. प्रत्येक ब्यक्तिको आधारभूत मानव अधिकारको सुनिश्चितताका लागि संघीय सरकारले तय गरेको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्य योजना कार्वान्वयनमा जोड दिईनेछ ।

१८. स्थानीय कला भाषा संस्कृति एवं पुरातात्विक सम्पदाको संरक्षण तथा प्रबद्धन विकासलाई स्थानीय संस्कृतिसंग आवद्ध गर्दे लगिने नीति अवलम्बन गरिनेछ ।

१९. युवा जनशक्तिलाई शिप प्रविधि र संस्कृतिसंग जोड्ने र स्वरोजगार बन्ने वातवरण निर्माण गर्दै रोजगारीकै लागि विदेश रोगजारीमा जने युवालाई स्वदेशमै रोजगारी दिने वातावरण तयारीका लागि पहल गरिनेछ ।

२०. मानव बेचविखन विरुद्ध सुन्य सहनशिलताको नीति अख्तियार गरिने छ र समाजबाट मानव बेचविखन तथा लैङ्गिक हिंसा अन्त्य गर्दै भेदभाव र हिंसा रहित समाज निर्माणमा पहल गरिनेछ ।

२१. अपाङ्गता यौनिक अल्पसंख्क भएका ब्यक्तिहरुले पनि स्वआर्जन गरी परिवार तथा समाजमा सहज र सम्मानपूर्वक जिवनयापन गर्न सक्ने वातावरण निर्माणका लागि सहजिकरण गरिनेछ । साथै अपाङ्गता मैत्री स्वरोजगार लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

**कार्यपालिका सदस्यज्यूहरू**

२२. गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा योग्य, दक्ष र शिक्षण पेशामा प्रतिवद्ध शिक्षक व्यवस्थाका लागि दरबन्दि समायोजना गरी ग्रामिण क्षेत्रका विद्यालयमा शिक्षक व्यवस्थापन गरिनेछ ।

२३. उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गको विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइनेछ । प्राविधिक क्षेत्रमा क्षमता र दक्षता भएका विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालनका लागि पहल गरिनेछ

२४. सबै विद्यालयहरूका शैक्षिक क्यालेण्डरमा एकरूपता ल्याइनेछ । कक्षा १-८ सम्मका विद्यार्थीलाइ स्थानीय पाठ्य पुस्तक उपलब्ध गराइनेछ ।

२५. विद्यालय समायोजन भई प्रयोगमा नआएका विद्यालय भवनलाई बाल विकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र तथा समुदायद्वारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२६. आधारभुत तह कक्षा ६-८ र माध्यमिक तहका छात्राहरुलाई सहज रूपमा सेनेटरी प्याड उपलब्धताको व्यवस्थालाई निरन्तरता दिइने छ ।

२७. उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गको विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न तथा प्राविधिक क्षेत्रमा क्षमता र दक्षता भएका विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

२८. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

२९. हिंसा पिडितहरुका लागि नगरपालिकाले आफ्नै सुरक्षित सेफ हाउस  सञ्चालन गर्न पहल गरिने छ ।

३०. लैङ्गिक उत्तरदायी बजेट विनियोजन र लैङ्गिक वजेट परीक्षण कार्यलाई संस्थागत रूपमा अगाडि बढाइनेछ ।

३१. नगरपालिका क्षेत्रमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरुको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि लक्षित वर्गको जीविकोपार्जनमा सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ।  सीप विकास तालिम सञ्चालन गरी नगर क्षेत्रमा उपलब्ध रोजगारीका अवसरहरुको उपयोगका लागि सक्षम बनाउने नीति लिइनेछ ।

३२. कुलत र दुर्व्यवहार न्यूनीकरण गर्न सरोकारवाला निकायहरु बीच समन्वय र सहकार्य एवम् सहभागिताका आधारमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

३३. संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा ब्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जस्ता विषयहरुलाई समेटेको छ । नगर क्षेत्रमा रहेका बालबालिकाहरूको तथ्याङ्क संकलन गरी वडा र नगरको संयुक्त पहलमा बालमैत्री नगर घोषणाका लागि वालमैत्री वडा घोषणाको पूर्वाधार तयार गरिनेछ ।

३४. बालबालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउदै उनीहरुको हक अधिकारको उपयोग सहजरूपमा गर्न सक्ने र सक्षम नागरिकको रूपमा तयार गर्न पहल गरिनेछ।

३५. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिला, दलित बालवालिका, अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने मासिक सुविधा बैंक खाता मार्फत सहज रूपमा उपलब्ध गराउने ब्यवस्थालाइ निरन्तरता दिइनेछ ।

३६. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नगर क्षेत्रको विकासमा प्रयोग गर्ने नीति लिइनेछ । जेष्ठ नागरिक लक्षित कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

३७. गत विगत वर्षहरु देखि सञ्चालमा रहेको अपाङ्गता पुनस्थापना कार्यक्रमलाई निरन्तरता दिदै अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणमा जोड दिइनेछ ।

३८. नगर क्षेत्र भित्र  निर्माण हुने भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउने नीति लिइनेछ । सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनःस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न सरोकारवाला निकायसँग सहकार्य समन्वय गरिनेछ ।

३९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरणका लागि निरन्तरता दिइनेछ ।

४०. स्थानीय संस्कृति र सम्पदालाई संरक्षण गर्ने सम्बर्द्धन गर्ने कार्यलाइ सबै सरोकारवाला निकायको समन्वय र साझेदारीमा अगाडी बढाइनेछ ।

४१. नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको संरक्षण कार्यमा जोड दिइनेछ

४२. आदिवासी जनजाति तथा विपन्न वर्गको जग्गा दृष्टिबन्धक फुकुवाका लागि थालिएको पहल प्रयत्नलाई निरन्तरता दिइनेछ ।

४३. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी खानेपानीको आपूर्ति व्यवस्था सहज बनाउन खानेपानी उपभोक्ता समितिसँग समन्वय गरिनेछ।विभिन्न साझेदार निकायहरूसँगको साझेदारीमा निबुवा–तांखुवा जलाधार ब्यवस्थापन योजना क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

४४. नगर क्षेत्रभित्र सञ्चालित खानेपानीका नयाँ तथा क्रमागत आयोजनाहरुलाई यथाशिघ्र सम्पन्न गर्न नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

४५. धनकुटा नगरपालिकामा ऐतिहासिक धरोहरका रुपमा रहेको टुडिखेलको संरक्षण, विस्तारका लागि गौरवको योजनाका रुपमा समावेश गरी संरक्षण कार्य अगाडी बढाउने र भित्रि भागमा रहेको पानीलाई वाहिर निकासको व्यवस्था गरी टुडिखेलको संरक्षणको पहल गरिनेछ ।

४६. स्थानीय सरोकारका मुद्दामा साझा ऐक्यवद्धता जनाउन क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको आवद्धतालाई निरन्तरता दिइनेछ ।

४७. स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुदको अवधारणालाई सार्थकता तुल्याउन खेल पूर्वाधारको निर्माण, स्तरोन्नती, प्रशिक्षण, प्रतियोगिता आदिमा जोड दिदै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नगरपालिका बाटै सञ्चालन गर्ने कामको थालनी गरिनेछ ।

४८. नगरक्षेत्रमा सञ्चालन हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितालाई सहयोग गर्ने तथा नगर क्षेत्रका उत्कृष्ट खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गर्ने नीतिलाई निरतन्तरता दिइनेछ

४९. अनिवार्य तथा निः शुल्क शिक्षा अन्तर्गत सबै बालबालिकाको विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्दै विद्यालय बाहिर रहेका बालबालिकाको खोजी तथा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै छात्रवृत्ती,दिवाखाजा, पोशाक, शैक्षिक सामग्रीको व्यवस्था गर्दै लगिने छ ।

५०. शिक्षक तालिम, क्षमता विकास र विषयगत दक्षता अभिवृद्धि प्रविधिमैत्री शिक्षण ( ICT, स्मार्ट कक्षा) डिजिटल सामग्री , सिकाइ उपलब्धि मापन तथा नियमित अनुगमन गर्ने नीति लिइनेछ ।

५१. विद्यार्थीहरुको स्वास्थ्य सुधारका लागि नियमित स्वास्थ्य परीक्षण , सरसफाइ तथा पोषण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

<u>पूर्वाधार विकास</u>

५२. नगरको आर्थिक सामाजिक विकासलाई गति प्रदान गर्दै सर्वसाधारणको सहज पहुँचका अतिरिक्त व्यापार, व्यवसाय तथा सेवा क्षेत्रलाई सहजीकरण गर्न यातायात क्षेत्रको अहम् भूमिका रहन्छ । सडक तथा यातायातको व्यवस्थित सञ्जालको विकासबाट मात्र सामाजिक आर्थिक मूल प्रवाहीकरण र नगर क्षेत्रको क्षेत्रगत समग्र विकासको आधारशीला तयार पार्न सकिने कुरालाइ दृष्टिगत गरी यस क्षेत्रमा ध्यान दिइनेछ।

५३. सडक तथा यातायात क्षेत्रको विकासमा वडा कार्यालयबाट नगरपालिका कार्यालय जोड्ने सडकहरू, अन्तर वडा कार्यालयहरू जोड्न सक्ने सडकहरू, धार्मिक तथा पर्यटकीय क्षेत्र पहुँच सडकहरू, कृषि सडकहरू तथा राजमार्ग जोड्ने सडक स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

५४. सडक पूर्वाधार निर्माण र विकासमा संघ तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरूसँग बजेट विनियोजन तथा लगानीमा सहकार्य र साझेदारी तथा समन्वय कायम गर्ने नीति लिइनेछ ।

५५. सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी डिजाइन गरिनेछ ।

५६. आर्थिक दृष्टिले महत्वपूर्ण तथा भौगोलिक क्षेत्र, उत्पादनका क्षेत्र जोड्ने सडक स्तरोन्नतीमा जोड दिइनेछ ।

५७. नगरवासीका आकस्मिक समस्याहरू तथा योजनालाई सम्बोधन गर्न सञ्चालनमा रहेको जनताको अपेक्षा, नगरको शुभेच्छा र जनतासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५८. पूर्वाधार निर्माणका काममा दररेट लिएर गरिने कार्यलाइ सकेसम्म निरुत्साहित गरिने छ । वडास्तरका पुर्वाधारसंग सम्वन्धित योजनाहरुलाई जोडेर वोलपत्र खरिदका माध्यमवाट सञ्चालन गरिने नीति लिईने छ।

<u>आर्थिक विकास</u>

५९. सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी नगरपालिकाले लागत साझेदारी गर्दै धान, मकै, तरकारी, फलफूल र पुष्प व्यवसाय पकेट क्षेत्र घोषणा गरी कृषकको आय बृद्धि गरिनेछ । घुम्ती शिविरमार्फत गोबर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन बृद्धि गरिनेछ । तथा नगरपालिका कार्यालयबाटै माटो परीक्षण गर्ने कार्यको थालनी गरिनेछ ।

६०. धनकुटा नगरपालिका आसपास क्षेत्रमा सञ्चालनमा रहेका सरकारी, अर्ध-सरकारी, शैक्षिक कृषि, अनुसन्धान केन्द्र तथा प्राविधिक संस्थाहरूसँग प्रभावकारी समन्वय, सहकार्य र साझेदारी विस्तार गरी बृहत कृषि रूपान्तरण,

प्रविधि हस्तान्तरण, उत्पादन प्रणाली सुधार तथा मूल्य श्रृङ्खला विकास सम्बन्धी बहस, पैरवी तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६१. नास्ट लगायतका साझेदार निकायहरूसँग सहकार्य गरी धनकुटामा उत्पादन हुने एभोकाडोलाई गुणस्तरीय, रोगमुक्त र निर्यातयोग्य बनाउन अनुसन्धान, प्राविधिक सहयोग, किसान क्षमता विकास, प्रशोधन, ब्राण्डिङ तथा बजार विस्तारका कार्यक्रमहरू सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गरिनेछ।

६२. कफी खेती विस्तार तथा व्यावसायीकरणका लागि उपयुक्त क्षेत्र पहिचान, बिरुवा उत्पादन, प्राविधिक तालिम, प्रशोधन तथा बजार पहुँच विस्तार गरिनेछ। साथै सुन्तला, जुनार, कागती लगायत सिट्रस बालीहरूको पुनरुत्थानका लागि सम्बन्धित अनुसन्धान केन्द्रहरूसँग सहकार्य गरी रोग व्यवस्थापन, बगैंचा पुनर्स्थापना तथा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

६३. कृषि क्षेत्रको समग्र विकास, व्यावसायीकरण, आधुनिकीकरण तथा बजारिकरणका लागि आवश्यक नीति, रणनीति र कार्ययोजना समेटिएको नगर कृषि नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

६४. धान, मकै, तरकारी, फलफूल तथा पुष्प व्यवसायलाई प्राथमिकता दिई पकेट तथा ब्लक क्षेत्र घोषणा गरी उत्पादन, उत्पादकत्व र आय वृद्धि गर्न लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।. घुम्ती शिविरमार्फत माटो परीक्षण, गोबर परीक्षण, रोग निदान, प्राविधिक परामर्श तथा कृषक शिक्षा कार्यक्रम सञ्चालन गरी कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

६५. जलवायु परिवर्तनका कारण उत्पादनमा ह्रास आएका तथा जोखिमयुक्त क्षेत्रमा जलवायु अनुकूल, व्यवसायिक तथा आधुनिक कृषि प्रणाली विकास गरी कृषकलाई आयआर्जनमुखी उत्पादनतर्फ अभिमुखीकरण गरिनेछ।

६६. कृषि क्षेत्रको व्यावसायीकरणका लागि नर्सरी सुदृढीकरण, टनेल खेती, थोपा सिँचाइ, आधुनिक कृषि प्रविधि विस्तार तथा कृषि यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६७. नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको जीवाणुयुक्त जैविक मल कृषकलाई सहुलियत दरमा उपलब्ध गराई अर्गानिक खेती तथा सुरक्षित उत्पादन प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

६८. फलफूल तथा तरकारी संकलन केन्द्र, दुग्ध संकलन तथा चिलिङ्ग केन्द्र, कोल्ड स्टोर (सीतभण्डार) स्थापना तथा सञ्चालनका लागि सहकारी, कृषक समूह तथा निजी क्षेत्रसँग साझेदारी गरिनेछ र वडा नं. ३ स्याउलेमा सीतभण्डार निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

६९. रैथाने बाली संरक्षण तथा प्रवर्द्धन, मकैबाली विकास तथा फलफूल उत्पादन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ र स्थानीय जैविक विविधता संरक्षणका लागि जीन बैंक स्थापना गरिनेछ।

७०. सिँचाइका लागि साझेदार निकायहरूसँग सहकार्य विस्तार गरी निर्माण भएका कुलो तथा नहरहरूको संरक्षण, मर्मत तथा प्रभावकारी उपयोगका लागि समुदायस्तरमा सचेतना अभिवृद्धि गरिनेछ।

७१. स्थानीय तहमा गुणस्तरीय पशु स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न आधारभूत पशुपन्छी प्रयोगशाला स्थापना तथा सञ्चालनलाई सुदृढ गर्दै परीक्षण, रोग पहिचान तथा परामर्श सेवा विस्तार गरिनेछ।

७२. "स्वस्थ पशु, स्वस्थ उत्पादन" भन्ने अवधारणालाई आत्मसात गर्दै पशुपन्छीमा फैलिने महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि नियमित तथा लक्षित खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७३. व्यावसायिक पशुपालन प्रणालीलाई प्रविधिमैत्री, आधुनिक तथा वातावरणमैत्री बनाउन कृषकहरूलाई आवश्यक प्राविधिक ज्ञान, सीप तथा तालिम प्रदान गरिनेछ।

७४. नगरपालिका क्षेत्रभित्र उत्पादित पशुपन्छी तथा पशुजन्य उत्पादनहरूको गुणस्तर सुनिश्चित गर्दै अन्तर जिल्ला तथा बाह्य बजारमा निर्यात प्रवर्द्धन गर्न आवश्यक पशु स्वास्थ्य प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७५. पशुधनको जोखिम न्यूनीकरण तथा कृषकको आर्थिक सुरक्षाका लागि पशुपन्छी बीमा कार्यक्रमलाई सुधार, विस्तार तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।

७६. पशुधनको नश्ल सुधार, उत्पादन वृद्धि तथा उत्पादकत्व अभिवृद्धिका लागि कृत्रिम गर्भाधान सेवालाई थप सुदृढ गर्दै सरकारी तथा निजी क्षेत्रबीच समन्वय र सहकार्यमा निरन्तर सञ्चालन गरिनेछ।

७७. जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित जुनोटिक रोगहरूको जोखिम न्यूनीकरणका लागि विद्यालय तथा समुदायस्तरमा जनचेतनामूलक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

७८. सामुदायिक पशुपन्छीहरूको व्यवस्थापन, स्वास्थ्य संरक्षण तथा नियन्त्रण सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्दै निरन्तरता दिइनेछ।

७९. उपभोक्तालाई स्वच्छ तथा सुरक्षित पशुपन्छीजन्य उत्पादन उपलब्ध गराउने उद्देश्यले नियमित तथा विशेष (चाडपर्व लक्षित) अनुगमन तथा निरीक्षण प्रणालीलाई सुदृढ बनाइनेछ।

८०. साना तथा मध्यमस्तरका व्यावसायिक पशुपालन पकेट क्षेत्रहरूको पहिचान, विस्तार तथा सुदृढीकरण गर्दै उत्पादन, आयआर्जन र रोजगारी सिर्जनामा टेवा पुऱ्याइनेछ।

८१. साना तथा निर्वाहमुखी पशुपालक कृषकहरूलाई दाना, घाँस, गोठ तथा खोर निर्माणमा अनुदान प्रदान गरी पशुपालनलाई व्यवसायिक बनाइनेछ।

८२. सार्वजनिक वन क्षेत्र, सडक किनार, राजमार्ग आसपास तथा उपयोगविहीन सरकारी जमिनमा वृक्षारोपण, फलफूल खेती तथा संरक्षण कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरी बाँझो जमिनको उपयोगमार्फत उत्पादन वृद्धि गरिनेछ।

८३. कृषि, उद्यम तथा पर्यटन क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने कृषक, उद्यमी तथा पर्यटनकर्मीलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८४. खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्य उत्पादन, उपलब्धता, माग तथा आपूर्ति सम्बन्धी अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनेछ।

८५. धनकुटा नगरपालिकाको समग्र पर्यटन नीति निर्माण गरी एकीकृत पर्यटन प्याकेज विकास मार्फत आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गरिनेछ।

८६. आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पार्क निर्माण, पर्यटकीय पूर्वाधारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। नेपाल पर्यटन बोर्डसँगको साझेदारीलाई निरन्तरता दिदै धनकुटालाई सुरक्षित र दिगो पर्यटन गन्तव्यका रुपमा बिकास गरिनेछ ।

८७. मुलघाट–टेकुनाला पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिँदै स्थानीय समुदायलाई आयआर्जनका कार्यक्रमसँग जोडेर दिगो पर्यटन गन्तव्यका रूपमा विकास गरिनेछ।

८८. विभिन्न पर्यटकीय स्थानहरूमा पूर्वाधार विकास गरी होमस्टे, सांस्कृतिक प्रदर्शनी, स्थानीय परिकार तथा परम्परागत गतिविधिहरू सञ्चालन गरी समुदायमा आधारित पर्यटन प्रवर्द्धन गरिनेछ।

८९. आठपहरिया जातिको मौलिक संस्कृति झल्कने संग्रहालय सञ्चालनमा ल्याई पर्यटनसँग जोडेर व्यवस्थित गरिनेछ।

९०. धार्मिक तथा सांस्कृतिक स्थलहरू (बक्रकुण्ड, मधुगंगा, मार्गाथान, चुलीवन आदि) को विकासका लागि संघ तथा प्रदेश सरकारसँग लागत साझेदारी गरिनेछ।

९१. बसपार्कस्थित पर्यटन सूचना केन्द्रलाई आधुनिक, प्रभावकारी तथा प्रविधिमैत्री बनाउँदै सञ्चालन गरिनेछ।

९२. सहकारी संस्थासँग सहकार्य गरी उत्पादनमूलक, सीपमूलक तथा आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै रोजगारी सिर्जना गरिनेछ र सहकारी एकीकरणलाई प्रोत्साहन गरिनेछ।

९३. सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) लाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सहकारी क्षेत्रको सूचना व्यवस्थापन सुदृढ गरिनेछ।

९४. सहकारी क्षेत्रको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

९५. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन तथा फर्किएका व्यक्तिहरूलाई स्वदेशमै आयआर्जनमा जोड्न आप्रवासी स्रोत केन्द्रलाई सुदृढ गरिनेछ र IOM, SAMI लगायत निकायहरूसँग साझेदारी गरिनेछ।

९६. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको तथ्याङ्क संकलन, सीप अभिलेखीकरण तथा रोजगारदातासँग समन्वय गरी स्थानीय स्तरमै रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ। सीप संसार प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

९७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई प्राथमिकता दिँदै युवा, महिला तथा सिमान्तकृत समुदायका लागि सीप विकास, औद्योगिक प्रशिक्षार्थी तथा रोजगारमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

९८. भूमिहीन तथा विपन्न परिवारहरूको आर्थिक तथा सामाजिक अवस्था सुधारका लागि लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

९९. लघु उद्यम विकास कार्यक्रममार्फत स्वरोजगार सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

१००. स्थानीय स्रोत साधनमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगलाई अभियानका रूपमा विस्तार गरिनेछ।

१०१. नगरपालिकाका कार्यालय तथा मातहतका निकायहरूमा स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनको प्रयोगलाई अनिवार्य गरिनेछ।

१०२. निर्माणाधीन स्टार्टअप पूर्वाधारलाई “कोसेली घर तथा सीप विकास केन्द्र” का रूपमा सञ्चालन गरी स्थानीय उत्पादन प्रवर्धन तथा उद्यम विकासका लागि सूरुवात गरिनेछ।

१०३. स्वदेशी तथा विदेशी शहरहरूसँग भगिनी सम्बन्ध कायम गरी आर्थिक विकास तथा पूर्वाधार विकासका असल अभ्यासहरू अनुकरण गरिनेछ।

१०४. जात्रा, पर्व तथा सांस्कृतिक कार्यक्रमहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्दै पर्यटनसँग जोडिनेछ र मंसिरे चाडलाई विशेष पर्वका रूपमा ब्राण्डिङ गरिनेछ।

१०५. दिगो विकास लक्ष्य (SDGs) स्थानीयकरण गर्दै स्वैच्छिक मूल्यांकन प्रतिवेदन तयार गरी कार्यान्वयनलाई सुदृढ गरिनेछ।

१०६. जलाधार व्यवस्थापन योजना कार्यान्वयन लागि ICIMOD लगायतका अनुसन्धानमूलक संस्थाहरुसँग साझेदारी र समन्वय गर्दै जैविक विविधता संरक्षण तथा वातावरणीय सन्तुलन कायम गरिनेछ।

१०७. पानीका मुहानहरूको संरक्षण तथा पुनर्भरण अभियानलाई निरन्तरता दिइनेछ । विपद् जोखिम न्यूनीकरणका लागि आपतकालीन कार्य सञ्चालन केन्द्र तथा DRR स्कूल सञ्चालन गरिनेछ।

१०८. सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न त्रैमासिक रूपमा स्वतः प्रकाशन सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ र डिजिटल बडापत्रमार्फत सूचना पहुँच सुनिश्चित गरिनेछ।

१०९. प्रदेश सरकारसँगको समन्वय तथा साझेदारीमा डिजिटल स्थानीय आर्थिक विकास सर्वेक्षण सञ्चालन गरी स्थानीय प्रमुख उत्पादनहरूको पहिचान, प्रोफाइलिङ तथा डिजिटल माध्यममार्फत प्रचारप्रसार, ब्राण्डिङ र बजारीकरण गरिनेछ।

११०. जलवायु परिवर्तनका कारण उत्पादनमा ह्रास आएका क्षेत्रमा कृषकहरुलाई ब्यवसायिक कृषि उत्पादनमा सघाउ पुर्‍याउने कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

१११. किसान सूचीकरणको प्रमाणिकरण गर्ने कार्यक्रम सम्पन्न गरिनेछ ।

११२. प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

११३. छूर्पि प्रर्वदन जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

११४. कृषिलाई व्यवसायिकरण गर्नका लागि नगरमा रहेका नर्सरीको सुदृढीकरण गरिनुका साथै टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तारको लागि पहल गरिने छ ।

११५. नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको जीवाणु सहितको जैबिक मल कृषकलाई सहुलियत दरमा उपलब्ध गराई अर्गानिक उत्पादनलाई बढावा दिईने छ ।

११६. साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाईनेछ।

११७. आठपहरीया समुदायको वस्तीलाई खुल्ला संग्राहलयको रुपमा विकास गर्न पहल गरिनेछ ।

११८. आठपहरीया जातीको थातथलो, धार्मिक स्थललाइ पर्यटकीय स्थलका रुपमा विकास गर्न पहल गरिनेछ ।

११९. आठपहरीया जातीलाई समावेशी कोटामा समेट्न पहल गरिनेछ ।

१२०. फलफुल तथा तरकारी संकलन केन्द्र, दुग्ध संकलन तथा भण्डारणका लागी चिलिङ्ग केन्द्र, सितभन्डार स्थापनाको लागि सहकारी तथा कृषक समुहहरुसँग साझेदारी गरिनेछ ।

१२१. सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

१२२. लागत साझेदारीमा पशुपालन व्यवसाय प्रबर्दन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२३. रैथाने बाली, मकैबाली प्रबर्दन तथा राष्ट्रिय फल सुन्तला बिशेष कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२४. नगरमा क्षेत्रमा कृषि, उद्यम तथा पर्यटन क्षेत्रमा टेवा पुर्याउने कृषक, उद्यमी तथा पर्यटनकर्मीलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

१२५. धनकुटा नगरपालिकाको पर्यटन नीति निर्माण गरी एकीकृत पर्यटन प्याकेज मार्फत पर्यटकलाई आकर्षित गरिनेछ ।

१२६. आन्तरिक पर्यटनका लागि पार्कको निर्माण तथा निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरुको सञ्चालन तथा ब्यवस्थापन गर्ने नीति लिइनेछ।

१२७. मुलघाट-टेकुनाला पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिदै उक्त क्षेत्रका बासिन्दाहरुलाई अर्थोपार्जनका कार्यक्रममा समावेश गरी दिगो पर्यटन गन्तब्यका लागि नेपाल पर्यटन बोर्ड लगायतका निकायहरुसँग साझेदारी गरिनेछ ।

१२८. विभिन्न पर्यटकीय स्थानमा पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको प्रदर्शनी लगायतका क्रियाकलाप सञ्चालन गरिनेछ ।

१२९. आठपहरिया जातिको मौलिक विशेषता झल्कने गरी निर्माण भएको आठपहरिया संग्राहलय सञ्चालनमा ल्याइनेछ

१३०. धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटकिय पूर्वाधार निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग लागत साझेदारीको लागि पहल गरिने छ ।

१३१. धनकुटा बसपार्कमा रहेको पर्यटन सूचना केन्द्र लाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ।

१३२. नगरपालिका र सहकारीबीचको सहकार्यमा विभिन्न सीपमूलक तथा उत्पादनमूलक कार्यहरु अगाडी बढाई रोजगारीको सिर्जना गरिनेछ ।

१३३. सहकारी तथा गरिवी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को प्रभावकारी ब्यवस्थापन गरी सहकारी संस्थाहरुको सूचना ब्यवस्थापन सम्बन्धी कार्य गरिनेछ ।

१३४. सहकारी क्षेत्रको क्षमता अभिबृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र कार्यालय ब्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१३५. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि परामर्श सेवा दिन तथा विदेशबाट फर्किएका ब्यक्तिहरुलाई स्वदेशमा नै आयआर्जनमा जोड्नका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न आप्रबासी श्रोत केन्द्र लाई थप सुदृढ

१३६. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन तथा तिनीहरुमा रहेको सिपको विवरण समेत अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ

१३७. प्राबिधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई प्राथमिकतामा राखी युवा, महिला तथा सिमान्तकृत समुदायको लागि समाबेशी तथा समतामुलक पहुँच स्थापना गर्दै योग्य, सक्षम र सीपयुक्त जनशक्ति तयार गर्न छोटो तथा लामो अवधिका सीप विकास तालिमहरु सञ्चालन गरिनेछ।

***नगरसभा सदस्यज्यूहरु,***

१३८. नगरका भूमिहिन तथा विपन्न परिवार सूचीमा रहेका घरपरिवारको आर्थिक तथा सामाजिक स्थिति सुधारका लागि अर्थोपाजनका लागि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत छोटो अवधिका तालिमहरु सञ्चालन गरिनेछ

१४०. स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई स्तरोन्नतिका लागि अभिप्रेरित गरिनेछ

१४१. नगरक्षेत्र भित्रको सुकुम्बासी समस्या समाधान गर्न पहल गरिनेछ ।भूमी वर्गीकरणको कार्यलाई थप ब्यवस्थित बनाइदै लगिनेछ ।

१४२. स्वदेशी तथा बिदेशी सहरहरुसँग भगिनी सम्बन्ध कायम गरी पूर्वाधार बिकास, आर्थिक बिकास तथा अन्य क्षेत्रहरुका असल अभ्यासहरुको अनुकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४३. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने जात्रा पर्बहरुलाई अन्तर्राष्ट्रियस्तरमा परिचित गराई पर्यटन प्रबर्द्धनका लागि पहल गरिनेछ ।

१४४. धनकुटा नगरपालिका क्षेत्रमा मात्र बसोबास गर्ने आठपहरिया जातिले मनाउने मंसिरे चाडलाई धनकुटा नगरको बिशेष चाड (Flagship Festival) को रुपमा महत्व दिइ उक्त चाडलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रचारप्रसार गरी पर्यटनसँग जोड दिने नीति अवलम्बन गरिनेछ ।

१४५. दिगो बिकास लक्ष्य स्थानीयकरणका लागि स्थानीय स्वैच्छिक मूल्यांकन प्रतिवेदन सरोकारवाला पक्षहरुसँगको सहकार्य र समन्वयमा तयार गरीने छ ।

१४६. इसिमोड लगायतका सरोकारवाला निकायहरुसँगको साझेदारी र समन्वयमा जलाधार ब्यवस्थापन योजना कार्यान्वयन गरी जैविक विविधता संरक्षणको क्षेत्रमा भइरहेको प्रयासलाई थप मजबुत बनाइनेछ।

१४७. पानीका भूमीगत मुहानहरुको संरक्षणका कार्यहरुलाई सरोकारवार निकायहरुसँग समन्वय र साझेदारी गरी निरन्तरता दिइनेछ ।

१४८. जलवायु परिवर्तनका कारण सिर्जित असरहरुलाई मध्यनजर गरी सरोकारवाला निकायहरुसँग समन्वय गरी स्थानीय अनुकूलन कार्य योजना (लापा) तयार गरी कार्यान्वयन गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरू,**

१४९. पर्यटन गन्तव्यहरूलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ ।

१५०. आन्तरिक पर्यटनका लागि पार्कको निर्माण, भ्यूटावरको सञ्चालन तथा ब्यवस्थापन गरिनेछ।

१५१. मुलघाट-टेकुनाला पदमार्ग वाघेखोला शिलढुङ्गा पदमार्ग निर्माणका लागि साझेदारी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५२. विभिन्न पर्यटकीय स्थानमा पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको प्रदर्शनी लगायतका क्रियाकलाप सञ्चालन गरिनेछ ।

१५३. धनकुटा बसपार्कमा स्थापना भएको सूचना केन्द्रलाई डिजिटल पर्यटन सूचना केन्द्रको रुपमा परिवर्तन गरी यसलाइ व्यवस्थित र सूचनामुलक वनाउन पहल गरिनेछ ।

१५४. वचत तथा ऋणको कारोबार गर्ने सहकारीमा भएको नगरवासीको रकम फिर्ताका लागि समन्वयात्मक पहल गरिनेछ।

१५५. संकटग्रस्त सहकारीलाई संघ र प्रदेशसँगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका लागि आवश्यक कार्य गरिनेछ।

१५६. नगरपालिका र सहकारी बीचको सहकार्यमा विभिन्न सीपमूलक तथा उत्पादनमूलक कार्यहरु अगाडि बढाई रोजगारीको सिर्जनाका लागि पहल गरिनेछ ।

१५७. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगरपालिकामा सूचीकृत भएका बेरोजगार ब्यक्तिलाई रोजगारी प्रदानका लागि पहल गरिनेछ । रोजगारीलाई स्थानीय उत्पादनसँग जोडेर कार्यक्रमको कार्यान्वयन गरिनेछ

**नगरसभाका सदस्यज्यूहरू,**

१५८. नगरपालिका क्षेत्रभित्रका विपन्न परिवारका सूचीमा रहेका घरपरिवारको आर्थिक अवस्था सुधार गर्न गरिबी निवारणका लागि व्यवसाय सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५९. विपन्न परिवारलक्षित गरिबी निवारणका लागि व्यवसाय सञ्चालन कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तथा गरिबसँग विश्वेवर कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ ।

१६०. धनकुटा नगरपालिका तथा मातहतका कार्यालयरूमा स्थानीय कच्चा पदार्थमा आधारित भएर उत्पादन भएका वस्तुहरूको प्रयोगलाई आवश्यक पहल गरिनेछ ।

१६१. नगरक्षेत्र भित्र वसोवास गर्ने भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित वसोवासीलाइ जग्गा उपलब्धताका साथ जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउने कार्यको थालनी गरिनेछ ।

१६२. स्वदेशी तथा विदेशी सहरहरुसँग भगिनी सम्बन्ध विस्तार गर्न प्रयत्न गरिनेछ ।

१६३. धनकुटा नगरपालिका आसपास क्षेत्रमा सञ्चालनमा रहेका सरकारी, अर्ध-सरकारी, शैक्षिक कृषि, अनुसन्धान केन्द्र तथा प्राविधिक संस्थाहरूसँग प्रभावकारी समन्वय, सहकार्य र साझेदारी विस्तार गरी बृहत कृषि रूपान्तरण, प्रविधि हस्तान्तरण, उत्पादन प्रणाली सुधार तथा मूल्य श्रृङ्खला विकास सम्बन्धी बहस, पैरवी तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६४. नास्ट लगायतका साझेदार निकायहरूसँग सहकार्य गरी धनकुटामा उत्पादन हुने एभोकाडोलाई गुणस्तरीय, रोगमुक्त र निर्यातयोग्य बनाउन अनुसन्धान, प्राविधिक सहयोग, किसान क्षमता विकास, प्रशोधन, ब्राण्डिङ तथा बजार विस्तारका कार्यक्रमहरू सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गरिनेछ।

१६५. कफी खेती विस्तार तथा व्यावसायीकरणका लागि उपयुक्त क्षेत्र पहिचान, बिरुवा उत्पादन, प्राविधिक तालिम, प्रशोधन तथा बजार पहुँच विस्तार गरिनेछ। साथै सुन्तला, जुनार, कागती लगायत सिट्रस बालीहरूको पुनरुत्थानका लागि सम्बन्धित अनुसन्धान केन्द्रहरूसँग सहकार्य गरी रोग व्यवस्थापन, बगैंचा पुनर्स्थापना तथा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१६६. कृषि क्षेत्रको समग्र विकास, व्यावसायीकरण, आधुनिकीकरण तथा बजारिकरणका लागि आवश्यक नीति, रणनीति र कार्ययोजना समेटिएको नगर कृषि नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१६७. धान, मकै, तरकारी, फलफूल तथा पुष्प व्यवसायलाई प्राथमिकता दिई पकेट तथा ब्लक क्षेत्र घोषणा गरी उत्पादन, उत्पादकत्व र आय वृद्धि गर्न लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

१६८. जलवायु परिवर्तनका कारण उत्पादनमा ह्रास आएका तथा जोखिमयुक्त क्षेत्रमा जलवायु अनुकूल, व्यवसायिक तथा आधुनिक कृषि प्रणाली विकास गरी कृषकलाई आयआर्जनमुखी उत्पादनतर्फ अभिमुखीकरण गरिनेछ।

१६९. कृषि क्षेत्रको व्यावसायीकरणका लागि नर्सरी सुदृढीकरण, टनेल खेती, थोपा सिँचाइ, आधुनिक कृषि प्रविधि विस्तार तथा कृषि यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७०. नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको जीवाणुयुक्त जैविक मल कृषकलाई सहुलियत दरमा उपलब्ध गराई अर्गानिक खेती तथा सुरक्षित उत्पादन प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

१७१. फलफूल तथा तरकारी संकलन केन्द्र, दुग्ध संकलन तथा चिलिङ्ग केन्द्र, कोल्ड स्टोर (सीतभण्डार) स्थापना तथा सञ्चालनका लागि सहकारी, कृषक समूह तथा निजी क्षेत्रसँग साझेदारीमा सीतभण्डार निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

१७२. रैथाने बाली संरक्षण तथा प्रवर्द्धन, मकैबाली विकास तथा फलफूल उत्पादन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ र स्थानीय जैविक विविधता संरक्षणका लागि जीन बैंक स्थापना गरिनेछ।

१७३. सिँचाइका लागि साझेदार निकायहरूसँग सहकार्य विस्तार गरी निर्माण भएका कुलोहरूको संरक्षण, मर्मत तथा प्रभावकारी उपयोगका लागि समुदायस्तरमा सचेतना अभिवृद्धि गरिनेछ।

१७४. स्थानीय तहमा गुणस्तरीय पशु स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न आधारभूत पशुपन्छी प्रयोगशाला स्थापना तथा सञ्चालनलाई सुदृढ गर्दै परीक्षण, रोग पहिचान तथा परामर्श सेवा विस्तार गरिनेछ।

१७५. "स्वस्थ पशु, स्वस्थ उत्पादन" भन्ने अवधारणालाई आत्मसात गर्दै पशुपन्छीमा फैलिने महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि नियमित तथा लक्षित खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१७६. व्यावसायिक पशुपालन प्रणालीलाई प्रविधिमैत्री, आधुनिक तथा वातावरणमैत्री बनाउन कृषकहरूलाई आवश्यक प्राविधिक ज्ञान, सीप तथा तालिम प्रदान गरिनेछ।

१७७. नगरपालिका क्षेत्रभित्र उत्पादित पशुपन्छी तथा पशुजन्य उत्पादनहरूको गुणस्तर सुनिश्चित गर्दै अन्तर जिल्ला तथा बाह्य बजारमा निर्यात प्रवर्द्धन गर्न आवश्यक पशु स्वास्थ्य प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१७८. पशुधनको जोखिम न्यूनीकरण तथा कृषकको आर्थिक सुरक्षाका लागि पशुपन्छी बीमा कार्यक्रमलाई सुधार, विस्तार तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।

१७९. पशुधनको नश्ल सुधार, उत्पादन वृद्धि तथा उत्पादकत्व अभिवृद्धिका लागि कृत्रिम गर्भाधान सेवालाई थप सुदृढ गर्दै सरकारी तथा निजी क्षेत्रबीच समन्वय र सहकार्यमा निरन्तर सञ्चालन गरिनेछ।

१८०. जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित जुनोटिक रोगहरूको जोखिम न्यूनीकरणका लागि विद्यालय तथा समुदायस्तरमा जनचेतनामूलक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१८१. सामुदायिक पशुपन्छीहरूको व्यवस्थापन, स्वास्थ्य संरक्षण तथा नियन्त्रण सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्दै निरन्तरता दिइनेछ।

१८२. उपभोक्तालाई स्वच्छ तथा सुरक्षित पशुपन्छीजन्य उत्पादन उपलब्ध गराउने उद्देश्यले नियमित तथा विशेष (चाडपर्व लक्षित) अनुगमन तथा निरीक्षण प्रणालीलाई सुदृढ बनाइनेछ।

१८३. साना तथा मध्यमस्तरका व्यावसायिक पशुपालन पकेट क्षेत्रहरूको पहिचान, विस्तार तथा सुदृढीकरण गर्दै उत्पादन, आयआर्जन र रोजगारी सिर्जनामा टेवा पुर्‍याइनेछ।

१८४. साना तथा निर्वाहमुखी पशुपालक कृषकहरूलाई दाना, घाँस, गोठ तथा खोर निर्माणमा अनुदान प्रदान गरी पशुपालनलाई व्यवसायिक बनाइनेछ।

१८५. सार्वजनिक वन क्षेत्र, सडक किनार, राजमार्ग आसपास तथा उपयोगविहीन सरकारी जमिनमा वृक्षारोपण, फलफूल खेती तथा संरक्षण कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरी बाँझो जमिनको उपयोगमार्फत उत्पादन वृद्धि गरिनेछ।

१८६. कृषि, उद्यम तथा पर्यटन क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने कृषक, उद्यमी तथा पर्यटनकर्मीलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१८७. खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्य उत्पादन, उपलब्धता, माग तथा आपूर्ति सम्बन्धी अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनेछ।

१८८. धनकुटा नगरपालिकाको समग्र पर्यटन नीति निर्माण गरी एकीकृत पर्यटन प्याकेज विकास मार्फत आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गरिनेछ।

१८९. आन्तरिक पर्यटन प्रवर्धनका लागि पार्क निर्माण, पर्यटकीय पूर्वाधारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। नेपाल पर्यटन बोर्डसँगको साझेदारीलाई निरन्तरता दिदै धनकुटालाई सुरक्षित र दिगो पर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ ।

१९०. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको तथ्याङ्क संकलन, सीप अभिलेखीकरण तथा रोजगारदातासँग समन्वय गरी स्थानीय स्तरमै रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ। सीप संसार प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१९१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई प्राथमिकता दिँदै युवा, महिला तथा सिमान्तकृत समुदायका लागि सीप विकास, औद्योगिक प्रशिक्षार्थी तथा रोजगारमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१९२. भूमिहीन तथा विपन्न परिवारहरूको आर्थिक तथा सामाजिक अवस्था सुधारका लागि लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१९३. लघु उद्यम विकास कार्यक्रममार्फत स्वरोजगार सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

१९४. स्थानीय स्रोत साधनमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगलाई अभियानका रूपमा विस्तार गरिनेछ।

१९५. नगरपालिकाका कार्यालय तथा मातहतका निकायहरूमा स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनको प्रयोगलाई अनिवार्य गरिनेछ।

१९६. निर्माणाधीन स्टार्टअप पूर्वाधारलाई “कोसेली घर तथा सिप विकास केन्द्र” का रूपमा सञ्चालन गरी स्थानीय उत्पादन प्रवर्द्धन तथा उद्यम विकासका लागि सूरुवात गरिनेछ।

१९७. स्वदेशी तथा विदेशी शहरहरूसँग भगिनी सम्बन्ध कायम गरी आर्थिक विकास तथा पूर्वाधार विकासका असल अभ्यासहरू अनुकरण गरिनेछ।

१९८. दिगो विकास लक्ष्य (SDGs) स्थानीयकरण गर्दै स्वैच्छिक मूल्यांकन प्रतिवेदन तयार गरी कार्यान्वयनलाई सुदृढ गरिनेछ।

१९९. जलाधार व्यवस्थापन योजना कार्यान्वयन लागि ICIMOD लगायतका अनुसन्धानमूलक संस्थाहरुसँग साझेदारी र समन्वय गर्दै जैविक विविधता संरक्षण तथा वातावरणीय सन्तुलन कायम गरिनेछ।

२००. पानीका मुहानहरूको संरक्षण तथा पुर्नभरण अभियानलाई निरन्तरता दिइनेछ । विपद् जोखिम न्यूनीकरणका लागि आपतकालीन कार्य सञ्चालन केन्द्र तथा DRR स्कूल सञ्चालन गरिनेछ।

२०१. सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न त्रैमासिक रूपमा स्वतः प्रकाशन सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ र डिजिटल बडापत्रमार्फत सूचना पहुँच सुनिश्चित गरिनेछ।

२०२. प्रदेश सरकारसँगको समन्वय तथा साझेदारीमा डिजिटल स्थानीय आर्थिक विकास सर्वेक्षण सञ्चालन गरी स्थानीय प्रमुख उत्पादनहरूको पहिचान, प्रोफाइलिङ तथा डिजिटल माध्यममार्फत प्रचारप्रसार, ब्राण्डिङ र बजारीकरण गरिनेछ।

**<u>वातावरण, फोहरमैला तथा विपद् ब्यवस्थापन</u>**

२०३. प्रदूषण नियन्त्रण, फोहोमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्दै स्वच्छ र स्वस्थ्य वातावरण कायम गराउन पहल गरिनेछ ।

२०४. फोहरमैला व्यवस्थापनको लागि सल्लेरीस्थित फोहरमैला व्यवस्थापन केन्द्रको स्तरोन्नति तथा व्यवस्थापनमा सुधार गरिनेछ ।

२०५. सार्वजनिक ढल व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना गर्न पहल गरिनेछ

२०६. फोहरको स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन र फोहरलाई उर्जा र जैविक मल उत्पादनका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमका माध्यमवाट गरिनेछ ।

२०७. ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ । पहुँचमार्गको स्तरोन्नती कार्यका लागि पहल गरिनेछ ।

२०८. नगर क्षेत्रमा भएका भुस्याहा कुकुर तथा जंगली जनावर नियन्त्रण लागि आवश्यक क्रियाकलापहरू सञ्चालन गरिनेछ । छाडा पशुहरु नियन्त्रण र घरपालुवा पशुहरु वेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी जरिवाना गरिनेछ

२०९. नगरस्तरीय विपद व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ । जनस्तरमा पूर्व तयारी तथा प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ ।

२१०. नगरका सबै टोल तथा वस्तीमा एम्बुलेन्स र दमकल आवत जावत गर्न मिल्ने गरी तोकिएको मापदण्डका आधारमा सडक निर्माण कार्य गरिनेछ ।

२११. बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपवाट प्रभावितलाई व्यक्ति/संस्थालाई तत्काल राहत, औषधोपचार, खानपान, लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको बृद्धिको लागि सरकारी/निजिक्षेत्र र गैरसकारी संस्थाहरुसँग समन्वय गरिने छ ।

२१२. नगरमा रहेका सार्वजनिक शौचालयहरु सञ्चालन तथा ब्यवस्थापनका लागि टोल विकास संस्थालाई जिम्मा दिइनेछ

२१३. वारुणयन्त्रको सवारीचालक २४ सै घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाइने छ ।

२१४. भूमिगत पानीका श्रोतहरू संरक्षणका लागि रिचार्ज पोखरीको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

२१५. धनकुटा नगरपालिकामा वासप्लान, विपद तथा जलवायु उत्थानशील मार्गचित्र तयार गर्न पहल गरिनेछ ।

२१६. फोहर मैला व्यवस्थापन अध्ययन केन्द्र निर्माणमा महल गरिने छ ।

२१७. विपद् व्यवस्थापनका लागि निर्माण भएको आकस्मिक सेवा केन्द्र सञ्चालमा ल्याउन पहल गरिनेछ ।

२१८. नगरपालिकाले कार्वन फण्ड प्राप्त गर्ने नियमानुसार पहल गर्नेछ ।

<u>सार्वजनिक सेवा प्रवाह र सुशासन</u>

२१९. नगरवाट प्रावह हुने सेवालाई जनमुखी, सक्षम, सुदृढ र उत्तरदायी बनाउदै लैजानु आजको आवश्यकता हो । जनशक्तिको समुचित व्यवस्थापन गर्दै जवाफदेही, जिम्मेवारीपूर्ण र जनमैत्री व्यवहार आम नागरिकको अपेक्षा हो । आगामी दिनमा नगरको प्रशासनिक सरंचना, जनशक्ति, कार्यशैली, कार्यविधि र प्रक्रिया नयाँ प्रविधि, ज्ञान, सीप र क्षमतामा आधारित नागरिक पहुँचयोग्य बनाउदै लगिनेछ ।

२२०. सामाजिक परिचालक र नगर प्रहरीको स्थायित्वका लागि पहल गर्दै कार्यरत इमान्दार, दक्ष र अनुभवी अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुलाई आवश्यकता र औचित्यको आधारमा सेवामा निरन्तरता दिइनेछ ।

२२१. दिगो विकास लक्ष्य (SDGs) प्राप्तिका लागि सूचकगत क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ । दातृनिकायहरुसँग संस्थागत समन्वय र सहकार्यको लागि पहल गरिनेछ ।

२२२. उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, उपभोक्ता समिति, टोल विकास संस्था, सरसफाइकर्मी, बढी कर संकलन गर्ने वडा, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिलाई निरन्तरता दिईने छ ।

२२३. सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणलाई प्रभावकारी रूपमा अगाडि वढाईनेछ । गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ

२२४. न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

२२५. कार्यालय हाताभित्र सबैले देख्न र पढ्न सक्ने गरी नागरिक वडापत्रको व्यवस्था मिलाइनेछ ।

२२६. सार्वजनिक स्थल तथा पार्कहरुमा फ्रि वाइफाइको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२२७. समय सापेक्ष विद्यमान ऐन, नियम, निर्देशिकाका बारेमा सामान्य जानकारी गराउने गराउन जनप्रतिनिधिहरुलाई क्षमता विकासमा ध्यान दिइनेछ ।

२२८. कर्मचारीहरुलाई समय सापेक्ष दक्ष बनाउनको लागि तालिम गोष्ठी आयोजना गरी क्षमता विकासमा जोड दिने

२२९. जनप्रतिनिधिहरुलाई अन्य पालिकाले गरेका काम कारवाहीका बारेमा जानकारी गराउने उद्देश्यले अध्ययन अवलोकन भ्रमण गराउने तर्फ ध्यान दिइनेछ ।

२३०. सेवा प्रवाहलाई चुस्त दुरुस्त , छिटो छरिटो मितव्ययी पारदर्शी बनाउनका लागि सामाजिक सुरक्षा कार्यक्रम, जन्म, मृत्यु, बसाइ सराइ, सम्बन्ध विच्छेद जस्ता निवेदन अनलाइनबाटै दर्ता गर्ने व्यवस्था मिलाउँदै लगिनेछ।

२३१. सरकारी खर्च मितव्ययी, प्रभावकारी, पारदर्शी गराउनको लागि सरकारी सवारी साधनको प्रयोगलाई कम गर्दै लैजाने त्यस्तै सवारी साधनको मर्मत तथा इन्धनमा हुँदै गरेको खर्च कम गर्ने तर्फ विकल्प खोजिनेछ

२३२. जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नु पर्ने भनी उल्लेख भएका खर्च भएर नजाने जिन्सी सामानहरुको प्रक्रिया पुर्‍याइ लिलाम बिक्री गरिनेछ ।

**<u>आर्थिक प्रशासन तथा सार्वजनिक खर्च व्यवस्थापन</u>**

२३३. उपभोक्ता समिति, टोल विकास संस्था, आमा समूह, युवा क्लब जस्ता गैह्र नाफामुलक संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका साथै संस्थाहरूलाई दर्ता गर्ने प्रबन्ध मिलाइनेछ । करको दायरामा ल्याउन अनिवार्य स्थायी लेखा नम्बर लिने, लेखा परीक्षण गराउने, कर चुक्ता प्रमाण पत्र लिने जस्ता कार्यहरू गर्ने व्यवस्था मिलाइ नगरपालिकामा अभिलेखीकरण गरिनेछ ।

२३४. नगरपालिकाबाट प्रदान हुने योजना/कार्यक्रम तथा अनुदान कार्यक्रमलाई व्यवस्थित गर्न सरकारी तथा गैरसरकारी संस्थाको प्रतिवेदन र कार्य सम्पादनका आधारमा बजेट विनियोजन तथा कार्यक्रमहरू प्रदान गरिनेछ ।

२३५. नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरूको रकमान्तर, कार्यक्रम संशोधन तथा कार्यक्रम परिवर्तनलाई निरूत्साहित गरिनेछ । सभाबाट पारित भएका कार्यक्रमहरु आवश्यकता तथा औचित्यताका आधारमा रकमान्तर, संशोधन वा परिवर्तन गर्नु परेमा कार्यपालिकाको निर्णय वमोजिम स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा रकमान्तर, संशोधन वा परिवर्तन गरी प्रविष्ट भए पश्चात मात्र भुक्तानी हुने व्यवस्था गरिनेछ ।

२३६. सार्वजनिक खर्चलाई मितव्ययी, औचित्यपूर्ण र प्रभावकारी बनाउन नगरपालिकाले आयोजना गर्ने विभिन्न दिवस, अभियान, अवसर, मेला र कार्यक्रमहरू जस्ता विभिन्न कार्यहरू नगरपालिका केन्द्रले आयोजना गर्ने भएमा अन्य वडा कार्यालय, सरकारी तथा गैरसरकारी संस्था, विभिन्न संगठनहरुलाइ बजेट विनियोजन गरिने छैन एकद्वार प्रणालीवाट त्यसता कार्यमा खर्च गरिनेछ । यस्ता कार्यक्रम केन्द्रबाट संचालन हुने भएमा कार्यक्रमहरूलाई थप प्रभावकारी, पहुँचयोग्य र सहभागितामूलक बनाइनेछ

२३७. सवारी साधन मर्मत वापत सुविधा पाउने रकम वर्षमा १ पटकका लागि मात्र प्रदान गरिनेछ।

२३८. "***कर डर होइन, नगर विकासको भर हो***" भन्ने तथ्यलाई आत्मसात गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायरा ल्याईनेछ । नगरपालिकाले आन्तरिक श्रोतको दिगो ब्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनीतिक योजना स्वीकृत गरी लागू गरिनेछ । कर छली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउदै लगिनेछ ।

२३९. नगरपालिकामा हाल लागू गरिएको अनलाइन राजस्व प्रणालीलाई महालेखा नियन्त्रक कार्यालयबाट शुरु गरिएको राजस्व मोड्यूलबाट संचालन गरिनेछ । राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरिनेछ । यस्ता करदाताको लागि वडा तथा नगर कार्यपालिकाबाट सेवा सुविधा दिनु पूर्व अनिवार्य रूपमा बाँकी कर वक्यौता भुक्तानी गर्न लगाउने नीति लिईनेछ ।

२४०. राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४१. आर्थिक अनुशासन कायम गर्न, शुन्य बेरुजुको नीति लिईनेछ । लेखा समितिलाइ क्रियाशील बनाई कार्ययोजना सहित साल बसाली रूपमा रहदै आएको पुरानो पेश्की बेरुजु फस्योंटलाई प्रभावकारी बनाइनेछ । नगरपालिकाबाट खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य बेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने नीति लिइनेछ ।

२४२. नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना तथा कार्यक्रमलाई पेश्कि दिइने छैन । रनिङ्ग बिल र कार्य प्रगतिको आधारमा भूक्तानी गरी कार्य प्रकृयामा सरलीकृत गर्दै शून्य पेश्की बेरुजुका लागि प्रयत्न गरिनेछ । पुरानो पेश्की बेरुजु भएको पक्ष वा व्यक्ति मार्फत भौतिक पूर्वाधार विकास, लक्षित वर्गको कार्यक्रम तथा उपभोक्ता समितिको कार्य नगर्ने नगराउने नीतिलाइ कडाईका साथ पालना गरिनेछ।

२४३. भौतिक पूर्वाधार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अब उप्रान्त कार्यक्रम सञ्चालन पेश्की उपलब्ध गराइने छैन । कार्यक्रम सम्पन्न पश्चात बिल भर्पाईका आधारमा भुक्तानी दिइने नीतिलाइ कडाइका साथ पालना गरिनेछ

२४४. सडक बत्ती व्यवस्थापनमा टोल विकास सँस्थालाई जिम्मेवार बनाई टोल विकास सँस्थाको अपनत्व विकासमा समेत सहयोग पुर्याउन टोल विकास सँस्थालाइ निश्चित प्रतिशत सडक बत्ती महशुल वापत ५० प्रतिशत अनुदान उपलव्ध गराइ वाकी रकम टोल विकास सँस्थालेनै व्यहोरी सडक बत्ती महशुल भुक्तानी गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२४५. नगरको समग्र नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि तथ्याङ्कीय आधारको प्रयोगलाई प्राथमिकताका साथ जोड दिईने छ ।

**नगरसभाका सदस्यज्यूहरू,**

२४६. प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट आर्थिक र सामाजिक रूपमा पछि परेका वर्गहरूको जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षा लिएको छु, सबैले घरदैलोमा सरकार भएको प्रत्याभूति गर्न सक्नेछन्, आर्थिक क्रियाकलापहरू गतिशिल हुनेछन्, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ, दीर्घकालिन लक्ष्यप्राप्तीमा योगदान हुनेछ भन्ने अपेक्षा लिएको छु

२४७. यी नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा नगरलाई सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु ।

२४८. अन्त्यमा, नगरको समग्र विकासमा योगदान गर्ने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, संघसंस्था, सञ्चारकर्मी, नागरिक समाज तथा नगरवासी महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त चाहन्छु ।

धन्यवाद !

## निर्णय नं. ३

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ६ (१) अनुसार गठित संगठन तथा व्यवस्थापन सर्भेक्षण समितिले पेश गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन माथि छलफल गरी संशोधन स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं ४

आ.व. ०८३/०८४ को योजना तर्जुमा तालिका निम्नानुसार स्वीकृत गर्ने निर्णय गरियो ।

१. आय व्ययको प्रक्षेपण- २०८२ पौष भित्र-सम्पन्न भएको
२. आगामी आ.व. को आन्तरिक आयको प्रक्षेपण-२०८२ चैत्र समान्त भित्र-सम्पन्न भएको
३. स्रोत अनुमान तथा बजेट मार्गदर्शन र सिमा निर्धारण-२०८३ बैशाख १५ भित्र- सम्पन्न भएको
४. नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता सभामा पेश- २०८३ वैशाख मसान्त
५. टोल स्तरीय छलफल र योजना संकलन-२०८३/०१/३१ देखि जेठ ५ सम्म
६. वडा टोल स्तरीय योजना प्राथमिकिकरण- २०८३/०२/०६-१० सम्म
७. वडा भेला सभा गरी विषयगत समितिमा पेश-२०८३/०२/११-१५ सम्म
८. विषयगत समिति बैठक-२०८३/०२/१६-२० सम्म
९. गैसस समन्वय समिति बैठक-२०८३/०२/१८

१०. बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश-२०८३/०२/२२

११. बजेट तथा कार्यक्रम तर्जुमा समिति बैठक-२०८३/०२/२५

१२. मध्यमकालिन खर्च संरचना तयारी-२०८३/०२/२९ सम्म

१३. कार्यपालिका बैठक-२०८३/०२/२९

१४. नगरसभा बैठक-२०८३/०३/१०

## निर्णय नं. ५

धनकुटा नगरपालिकाका तपसीलमा उल्लेखित विषयगत समितिका बैठक वसी समिक्षात्मक छलफल गरी प्राप्त प्रतिवेदन आजको बैठकमा पेश भइ छलफल हुँदा निम्नानुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

१. पूर्वाधार विकास समिति

२. आर्थिक विकास समिति

३. सुशसन तथा संस्थागत क्षमता विकास समिति

४. विधायन समिति

## सुधार गर्नुपर्ने

१. कर्मचारीलाइ नियमित ड्रेस लगाउन लगाउने

२. इ-हाजिरीलाइ व्यवस्थित र नियमित गराउने

३. कार्यपालिकाबाट सैद्धान्तिक सहमती भएका कानुनको मस्यौदा पेश गर्ने

४. पूर्वाधारका योजनाको कार्यान्वयन योजना अनिवार्य बनाउने

५. खरिद गुरु योजना/वार्षिक खरिद योजना बनाई पेश गर्ने

६. जनप्रतिनिधि/कर्मचारीको क्षमता विकास योजना बनाई पेश गर्ने

७. योजना सञ्चालन पूर्व उपभोक्ता समितिलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने

८. व्यवस्थापन परीक्षण गरी दरबन्दि चुस्त दुरुस्त बनाई पेश गर्ने

९. मासिक रुपमा कार्यपालिकाको बैठक व्यवस्थापन गर्ने

१०. अनुगमन मूल्यांकनलाइ जोड दिदै प्रविधिमैत्री बनाउन योजना तयार गर्ने

११. समन्वय सहकार्य र साझेदारीको नीति तय गरी पेश गर्ने

१२. स्थानीय उत्पादनको ब्रान्डिङ्ग र डिजिटल मार्केटिङ्गमका लागि योजना बनाई पेश गर्ने

## निर्णय नं ६

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट धनपा-९ बेलहारामा मिति २०८२/११/३० गते आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन तथा सेवाग्राहीबाट प्राप्त जिज्ञासा आजको बैठकमा पेश भइ छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो ।

- सार्वजनिक सुनुवाई कार्यविधिमा समावेश प्रश्नावलीलाई सबै क्षेत्र समेट्ने गरी संशोधन गर्ने
- आर्थिक अवस्थाका आधारमा मात्र अनुदान वितरण गर्ने
- कृषि क्षेत्रलाई प्रविधि मैत्री बनाउँदै लैजाने
- जेष्ठ नागरिक उपचारमा सहजीकरण गर्ने
- सेवाग्राहीलाई सहज र चाडो सेवा उपलब्ध गराउने
- सार्वजनिक कामको सूचना सहज रुपमा वडावासी समक्ष प्रवाह गराउने

## निर्णय नं. ७

धनकुटा नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य सेवा उपशाखा मातहतमा रहेर सेवा गरिरहेका महिला स्वास्थ्य स्वयम सेविकाको उमेर हदका कारण अनिवार्य अवकास पश्चात नगरपालिकाको तर्फबाट एकमुष्ठ रु २०,०००/- गत विगतदेखि

उपलब्ध गराउदै आए अनुसार हाल अनिवार्य अवकास हुनु भएका तपसीलमा उल्लेखित महिला स्वास्थ्य स्वयम सेविकालाई प्रति व्यक्ति रु २०,०००/- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

१. यम कुमारी दर्लामी-धनपा-०२

२. शोभा राई- धनपा- ०७

निर्णय नं. ८

धनकुटा नगरपालिका वडा नं. ७ मा रहेको व्यापारिक भवनको माथिल्लो तलामा सञ्चालित होटल मोरिङ्गाले टिनको छाना पुरानो भइ चुहिने भएको, भुइ खाल्डा खुल्डी भएको, पानी जम्ने समस्या भएको शौचालय साँगुरो भएकोले स्थानान्तरण गरी पाइप तथा भुई मर्मत गरिदिनुहुन भनी दिएको निवेदन आजको बैठकमा पेश भइ छलफल हुँदा स्रोत व्यवस्थापन भए पछि मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

धनकुटा नगरपालिका-५ बिहीबारे हटिया-ठोका-निवुवा खोला-बैरे-दाहाल चौतारा सडकको सिरानघर रातमाटे गुहली डाडा क्षेत्रमा मर्मत हुँदा उक्त स्थान देखि दाहाल चौतारा सम्म मर्मत गरिपाउ भनी दिएको निवेदन माथि छलफल हुँदा अन्य स्रोतवाट आगामी आ.व.मा सडक मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं १०

चालु आ.व. को स्वीकृत कार्यक्रम व.शी न.३११५९ टोड्के महिला समूह धनपा ७ उल्लेख भएकोले उक्त योजनाको नामलाइ परिवर्तन गरी श्री प्रगतीशिल नागरिक सचेतना केन्द्र धनपा ७ कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ११

धनकुटा नगरपालिका चालु आ.व. को वडा स्तरीय कार्यक्रम अन्तर्गत समावेश भएका निम्न योजनाको नाम परिवर्तन गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

निम्न

१. वडा नं १० व.शि.नं. २२५२२ सिलाइ बुनाइ १,००,०००/-कोसट्टा व्युटिसियन तालिम रु १,००,०००/- कायम गर्ने।

२. वडा नं १० व.शि.नं. २२५२२ जेष्ठनागरिक सम्मान कार्यक्रमको रु १,००,०००/-र याक्सा खानपानी रिजर्भ ट्याङ्की निर्माण १,००,०००/-को सट्टा- नेवा दय दवु सामुदायिक भवन निर्माण रु २,००,०००/- कायम गर्ने ।

३. वडा नं २ व.शि.नं. ३११२२ वडाको योजना अनुगमनका लागि मोटरसाईकल खरिद रु ४,००,०००/-को सट्टा वडा कार्यालय व्यवस्थापन रु ४,००,०००/- कायम गर्ने ।

४. वडा नं २ व.शि.नं. २२५२२ विविध लक्षीत कार्यक्रम रु ३,५०,०००/- वाट जेष्ठ नागरिक संघ वडा समिति रु ५०,०००/-,टंक मा.वि. वाल क्लव रु ५०,०००/-,धर्मोदय खोप केन्द्र निर्माण रु १,००,०००/-,मधुगंगा धार्मिकस्थल संरक्षण रु ५०,०००/-,वडास्तरीय अपाङ्ग समिति रु ५०,०००/-,वैरे मलामी खाजा घर निर्माण रु ५०,०००/- कायम गर्ने ।

५. वडा नं ४ व.शि.नं. ३११५१ चप्लेटी नुनथला सडक स्तरोन्नतिवाट रु १,००,०००/- झिकी व.शि.नं. ३११५१ नुनथला फार्मस्टे देविका गौतमको घरछेउ सडक स्तरोन्नतिमा थप गरी रु २,००,०००/- कायम गर्ने ।

६. वडा नं ९ व.शि.नं. ३११५१ रुद्रावारी थुम्की सडक स्तरोन्नतिको कोसट्टा रुद्रावारी पाखाटोल वेलहारा सडक कायम गर्ने ।

७. वडा नं १ व.शि.नं. ३११२२ थिङ टोल विकास संस्थको कार्यालय व्यवस्थापनको रु१,००,०००/-कोसट्टा हिल टंकी खरिद, सुविधारा चैतारा निर्माणको रु १,००,०००/- कोसट्टा खानेपानी पाईप खरिद कायम गर्ने ।

८. वडा नं ९ व.शि.नं. २५३११ देउराली मा.वि. शैक्षिक सुधार तथा विधालय व्यवस्थापन कोसट्टा देउराली मा.वि. शिक्षक तलव साझेदारी कायम गर्ने ।

निर्माण नं १२

राष्ट्रिय प्राकृतिक स्रोत साधन तथा वित्त आयोगको च.नं. ७३५ मिति २०८२/१२/३० को वित्तीय समानीकरण अनुदानको सिफारिस, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.९८, मिति २०८३/०१/०३ को राय सुझाव सम्बन्धको पत्र, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको वित्तीय समानीकरण अनुदानको सीमा पठाएको पत्र र मागका आधारमा योजनामा सशर्त अनुदान हस्तान्तरण गरिएको पत्र तथा नेपाल नगरपालिका संघबाट प्राप्त च.न.१९८मिति२०८३/१/११ को पत्र बैठकमा पेश भई जानकारी भयो ।

निर्णय नं १३

चालु आ.व. देखि आन्तरिक राजश्व सुत्र मोड्युलबाट संकलन गर्न पर्ने भएको र गत विगत वर्षहरु देखि सांग्रिला सफ्टवेयरमा प्रविष्ट भएका करदाताको नाम र विवरण सुत्र मोड्युलमा प्रविष्ट गर्नु पर्ने भएको हुनाले राजश्वको काम गरि रहेका वडा र नगरका कर्मचारीहरुलाई उक्त कार्य गरेवापत निम्नानुसारको खाना र खाजा वापत थप सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निम्न

१. करदाताको विवरण प्रविष्ट गरे वापत प्रति करदाता रु १५/-
२. बढी करदाता भएका वडामा थप कर्मचारी माग भइ अन्य वडाबाट वा पालिकाबाट खटि गएमा प्रति करदाता रु १५/- र यातायात खर्च प्रति दिन रु ४००/-
३. करदाता विवरण प्रविष्टी कार्यको अनुगमन गर्दाः- यातायात खर्च प्रतिदिन रु ४००/- र खाना खर्च रु ३००/-

निर्णय नं. १४

आर्थिक वर्ष २०८३/२०८४ का लागि वडागत बजेट सिलिङ्ग र योजना तर्जुमा मार्गदर्शन निम्नानुसार स्वीकृत गरी वडालाई उपलब्ध गराउन नगरकार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**आ.व. २०८३/८४ को योजना तर्जुमा सम्बन्धी वडालाई उपलव्ध गराउने मार्गदर्शन**

वडास्तरीय बार्षिक बजेट तथा योजना तर्जुमा गर्दा तपसिल बमोजिम क्षेत्र र उपक्षेत्रहरू छुट्याई योजना तथा कार्यक्रम निर्धारण गर्नु पर्नेछ । बार्षिक योजना तथा कार्यक्रमहरू छनौट गर्दा स्पष्ट खुल्ने गरी कहाँ, के, कति, कस्का लागि, कहिले छुट्टिने गरी गाउँ टोलस्तरबाट छनौट गरी वडा समिति हुँदै वडा सभाबाट पारित गरेर नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।योजना तर्जुमाका क्षेत्रहरू निम्नानुसार रहने छन् ।

| **क्षेत्र** | **उप-क्षेत्र** |
|---|---|
| आर्थिक विकास | कृषि, उद्योग,पर्यटन, सहकारी, वित्तीय क्षेत्र, जलश्रोत तथा सिँचाइ,पशुपन्छी विकास, आपूर्ति, श्रम तथा रोजगारी, गरिबी निवारण |
| सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| पूर्वाधार विकास | यातायात पूर्वाधार, भवन, आवास तथा सहरी विकास, उर्जा, पुननिर्माण, सम्पदा पूर्वाधार, सूचना तथा संचार, जल विद्युत |

| | |
|---|---|
| सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | मानव संशाधन विकास, स्थानीय योजना तथा तथ्यांक प्रणाली,प्रशासकीय सुशासन,कानुन तथान्याय,शान्ति तथा सुव्यवस्था,संस्थागत क्षमता विकास |
| वन तथा वातावरण | वनतथा भुसंरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, विपद् जोखिम न्युनीकरण, जल उत्पन्न प्रकोप नियन्त्रण |

१. जनसहभागिता जुटाउनु पर्ने योजना/कार्यक्रमहरूमा जनसहभागिता बार्षिक योजनाहरु तथा कार्यक्रमहरू छनौट गर्दा स्पष्ट खुल्ने गरी कहाँ, के, कति, कस्का लागि, कहिले हो सो छुट्टिने गरी गाउँ टोल स्तरबाट छनौट गरी वडा समिति हुँदै वडा सभाबाट पारित गरेर नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । संलग्न अनुसूची १ बमोजिम वडा समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण पठाउँदा "योजनाको नाम" महलमा उक्त योजना अन्तर्गत के काम गर्ने भनी स्पष्ट किटान गरी पठाउनु हुन ।साथै जनसहभागिता वापत जुटाउन पर्ने रकम अनिवार्य उल्लेख गरिदिनु हुन ।

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा वजेट लाखमा | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० |
| सन्चालन खर्च | ४६८००० | ३७२००० | ३७२००० | ३७२००० | ३७२००० | ३७२००० | ४३८००० | ३७२००० | ३७२००० | ३७२००० |

२. वडास्तरका वडा कार्यालय संचालनका लागि कार्यालय संचालन तथा मसलन्द र विविध खर्च हुनेछ ।

३. उल्लेखित बजेटबाट संचालन गरिने भौतिक पूर्वाधारतर्फ सकेसम्म कम्तिमा १ वटा वडाको गौरवको योजना छनौट गरी विनियोजन गर्नुपर्ने छ । अन्य भौतिक निर्माण तर्फका योजनाहरू कम्तिमा ५० हजार भन्दा कम लगानी नहुने गरी छनौट गर्नुपर्ने छ ।वडा स्वास्थ्य सस्था सञ्चालनका लागि कम्तीमा १ लाख सहभागीता रकम विनियोजन गर्नु पर्ने छ ।

४. तोकिएको समय भित्र २ नम्बरमा उल्लेख भएका क्षेत्र अनुसार बजेट र कार्यक्रम तयार गरी प्रिन्ट कपि र इलेक्ट्रोनिक कपि २०८२/३/६ गते भित्रमा प्रशासन योजना तथा अनुगमन शाखामा अनिवार्य रूपमा बझाउनु पर्ने छ ।

५. लक्षित तथा अन्य सामाजिक विकास अन्तर्गतका कार्यक्रमहरूको हकमा ५० हजार भन्दा कम नहुने गरी कार्यक्रम छनौट गर्नुपर्ने छ ।

६. सडक सम्बन्धी योजनाहरू भएमा नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा सडक स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ

७. दुइ वा दुइ भन्दा बढी वडाहरू जोड्ने सडक संजाल, खानेपानी जस्ता अत्यावश्यक पूर्वाधारहरू विस्तार गर्नु पर्ने भएमा २ वा २ भन्दा बढी वडाहरूको संयुक्त बजेट विनियोजन गरी सार्वजनिक खरिदका प्रक्रियाबाट निर्माण गर्न सकिनेछ ।

८. वडास्तरीय बजेटबाट कार्यालय संचालन तथा विविध खर्च जस्ता कार्यालय प्रयोजनका लागि खर्च गर्न पाईने छैन ।

९. कार्यपालिका सदस्यको सिफारिसमा सञ्चालन हुने योजना समेत वडावाट सिफारिस हुनुपर्ने छ ।

१०. योजना प्रथमिकीकरण गर्दा निम्न आधार लिनु पर्ने छ ।

१०.१ बाँझो रहेको जग्गामा खेती गर्ने, कृषि उत्पादन तथा उत्पादकत्व बढाउने, स्थानीय रोजगार सिर्जना हुने, स्थानीय स्रोत तथा साधनहरूको प्रयोग हुने, पशुपन्छी पालनमा बढावा दिने योजना,

१०.२ राजस्व अभिवृद्धिमा सहयोग पुऱ्याउने योजना,

१०.३ सेवाप्रवाह र सुशासन कायम गर्न सहयोग पुऱ्याउने योजना,

१०.४ शैक्षिक विकासमा योगदान दिने र निरक्षता उन्मुलन हुने योजना,

१०.५ दीगो विकास, वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजना,

१०.६ फोहरमैला व्यवस्थापन गर्ने योजना,

१०.७ आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

१०.८ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

१०.९ जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

१०.१० स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१०.११ स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

१०.१२ महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१०.१२ लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

१०.१३ दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

१०.१४ पर्यटन भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

१०.१५ वडाले आवश्यक देखेका अन्य बिषयहरू,

१०.१६ प्राकृतिक प्रकोप तथा प्रकोप जन्य दुर्घटनाहरूलाई मध्यनजर गर्दै सबै वडाहरूले आ-आफ्नो वडा भित्रका सडक खुलाउने, सरसफाइ गर्ने, पहिरो पन्छाउने जस्ता सानातिना मर्मत संभारका कार्यहरूमा प्राथमिकता दिनु पर्नेछ,

१०.१८ आ-आफ्नो बजेट सिलिङ्गभित्रका योजना तथा नगर स्तरीय कार्यक्रममा समावेश गर्न सिफारिस गरिएका योजनाहरूको ढाँचा अनुसुचि १ मा उल्लेख गरिएको छ।

निर्णय नं. १४

धनकुटा नगरपालिका वडा नं. १ भौगोलिक रुपमा पनि ठुलो रहेको सवै वडावसीले वडा कार्यालयवाट सहजरुपमा सेवा लिन कठिनाई भईरहेको, वडा कार्यालयले सवै वडावासीलाई सहज सेवा उपलव्ध गराउन समेत कठिनाई भएको तथा जनसंख्या ७११३ रहेको हुनाले उक्त वडालाई २ वटा वडा वनाई दिन प्रदेश सरकार मार्फत सङ्घीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

धनकुटा नगरपालिका वडा नं. २ साविकको भिरगाउ गाविस सिङ्गैलाई मिलाएर एउटा वडा वनाएको हुनाले वडा कार्यालयले सवै वडावासीलाई सहज सेवा उपलव्ध गराउन समेत कठिनाई भएको, भौगोलिक रुपमा पनि ठुलो रहेको सवै वडावसीले वडा कार्यालयवाट सहजरुपमा सेवा लिन कठिनाई भईरहेको तथा जनसंख्या ३८३३ रहेको हुनाले उक्त वडालाई निम्नानुसार २ वटा वडा वनाई दिन प्रदेश सरकार मार्फत सङ्घीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

<u>निम्न</u>

१. साविक भिरगाउ गाउ विकास समितिको १,२,३,८ र ९ नं. वडालाई मिलाएर १ वडा ।

२. साविक भिरगाउ गाउ विकास समितिको ४,५,६ र ७ नं. वडालाई मिलाएर १ वडा ।